# सूर्योदय राजपत्र

सूर्योदय नगरपालिकाद्वारा प्रकाशित

**खण्ड (१०), फिक्कल, इलाम, कोशी प्रदेश, नेपाल, जेठ २५ गते**
**२०८३ साल, सङ्ख्या २**

**भाग-२**

**सूर्योदय नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि तथा नियमावली सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

# सूर्योदय नगरपालिकाको सङ्घ संस्था (प्रथम संशोधन) नियमावली, २०८३

नगर कार्यपालिकाबाट स्वीकृत मिति: २०८३।०२।२२

**प्रस्तावना:** सूर्योदय नगरपालिकाको सङ्घ संस्था सञ्चालन तथा व्यवस्थापनलाई थप व्यवस्थित र समयसापेक्ष बनाउन मूल नियमावलीमा संशोधन गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०१ (२) ले दिएको अधिकार प्रयोग गरी सूर्योदय नगरपालिकाको नगर कार्यपालिकाले यो नियमावली बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस नियमावलीको नाम **"सूर्योदय नगरपालिकाको सङ्घ संस्था (प्रथम संशोधन) नियमावली, २०८३"** रहेको छ।

(२) यो नियमावली सूर्योदय नगरपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा:** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा:-

(क) "मूल नियमावली" भन्नाले सूर्योदय नगरपालिकाको सङ्घ संस्था नियमावली, २०८० लाई सम्झनु पर्दछ।

३. **मूल नियमावलीको दफा २८ खारेज:** मूल नियमावलीको दफा २८ झिकिएको छ।

४. **मूल नियमावलीको अनुसूची २ मा संशोधन:** मूल नियमावलीको अनुसूची २ मा देहायबमोजिम संशोधन तथा थपघट गरिएको छः

(१) अनुसूची २ को दफा १३ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ:

"(ग) कुनै चोरी ठगी किर्ते वा जालसाजी गरेको वा आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको

अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाई सजाय भुक्तान गरेको एक वर्षभित्र"

(२) अनुसूची २ को दफा १३ मा देहायको खण्ड (झ) थपिएको छ:

"(झ) बसाँईसरी वा विवाह गरी कार्यक्षेत्रबाहिर गएमा"

(३) अनुसूची २ को दफा १८ मा देहायको उपदफा (३) थपिएको छ:

"(३) विशेष साधारण सभाको गणपूरक संख्या दफा १६ बमोजिम नै हुनेछ।"

(४) अनुसूची २ को दफा २२ को खण्ड (क) खारेज गरिएको छ।

(५) अनुसूची २ को दफा २३ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ:

"(२) कार्य समितिले कार्यसमितिको निर्वाचनको निमित्त १ जना निर्वाचन अधिकृत र २ जना सदस्य नियुक्त गर्नेछ।"

(६) अनुसूची २ को दफा २३ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छ:

"(४) साधारण सदस्य मध्येबाट सहभागी संख्याको न्यूनतम ५१ प्रतिशत सदस्यहरूको सहमति आएमा निर्वाचन अधिकृतले नयाँ कार्यसमितिको घोषणा गर्नेछ।"

आज्ञाले
विज्ञान कोइराला
नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत